आज **मिति २०७८ साल कार्तिक ३० गते** चौरजहारी नगर कार्यपालिकाको **७३ औं बैठक** नगर प्रमुख श्री विशाल शर्मा ज्यूको अध्यक्षतामा बसी तपशिलको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिती**

| क्र.सं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री विशाल शर्मा | नगर प्रमुख | |
| २ | श्री राधा रोका | उप-प्रमुख | |
| ३ | श्री गोकुल ढुंगेल | सदस्य सचिव | |
| ४ | श्री भद्र वहादुर विष्ट | अध्यक्ष वडा नं. १ | |
| ५ | श्री केशव केसी | अध्यक्ष वडा नं. २ | |
| ६ | श्री लाल वहादुर वुढा | अध्यक्ष वडा नं. ३ | |
| ७ | श्री गोपाल भण्डारी | अध्यक्ष वडा नं. ४ | |
| ८ | श्री उदे खत्री | अध्यक्ष वडा नं. ५ | |
| ९ | श्री जयलाल महतरा | अध्यक्ष वडा नं. ६ | |
| १० | श्री इन्द्रलाल शर्मा | अध्यक्ष वडा नं. ७ | |
| ११ | श्री देवी खड्का | का.बा.अध्यक्ष वडा नं. ८ | |
| १२ | श्री महेश स्वर्णकार | अध्यक्ष वडा नं. ९ | |
| १३ | श्री धरम वहादुर के सी | अध्यक्ष वडा नं. १० | |
| १४ | श्री मनमोहन शाह | अध्यक्ष वडा नं. ११ | |
| १५ | श्री टिकाराम वली | अध्यक्ष वडा नं. १२ | |
| १६ | श्री टंक प्रसाद वली | अध्यक्ष वडा नं. १३ | |
| १७ | श्री अतिराम विष्ट | अध्यक्ष वडा नं. १४ | |
| १८ | श्री सुदास स्वर्णकार | सदस्य | |
| १९ | श्री सपना विष्ट कार्की | सदस्य | |
| २० | श्री विनिता गुरुङ | सदस्य | |
| २१ | श्री दलसरी महतरा | सदस्य | |
| २२ | श्री असारे नेपाली | सदस्य | |
| २३ | श्री लोकेन्द्र परियार | सदस्य | |
| २४ | श्री दिपा के सी | सदस्य | |

मिति २०७८/०७/३० गतेको नगर कार्यपालिकाको ७३ औं बैठकमा पेश भएका प्रस्तावहरु

| क्र.सं. | प्रस्ताव | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | शववाहन सेवा सञ्चालन निर्देशिका, २०७८ सम्बन्धी प्रस्ताव | शववाहन सेवा सञ्चालन निर्देशिका, २०७८ सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने । | |
| २ | जनयुद्ध र जनआन्दोलनका घाइते, अपाङ्ग तथा शहिद परिवारलाई निर्वाह भत्ता उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ सम्बन्धी प्रस्ताव | जनयुद्ध र जनआन्दोलनका घाइते, अपाङ्ग तथा शहिद परिवारलाई निर्वाह भत्ता उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने । | |
| ३ | सुरक्षित आवासगृह (सेफ हाउस) सञ्चालन कार्यविधि, २०७८ सम्बन्धी प्रस्ताव | सुरक्षित आवासगृह (सेफ हाउस) सञ्चालन कार्यविधि, २०७८ सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने । | |
| ४ | आर्थिक वर्ष २०७७/०७८ को आर्थिक कारोबारको अन्तिम लेखापरिक्षणको प्रारम्भिक प्रतिवेदनमाथि छलफल गर्ने सम्बन्धी प्रस्ताव | महालेखा परीक्षकको कार्यालय डोर मुकाम, रुकुम (पश्चिम) ले दिएको आर्थिक वर्ष २०७७/०७८ को आर्थिक कारोबारको अन्तिम लेखापरिक्षणको प्रारम्भिक प्रतिवेदनमाथि छलफल गरियो । उक्त प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियासहितको जवाफ तथा बेरुजु संपरीक्षणको लागि तोकिएको अवधिभित्र महालेखा परीक्षकको कार्यालय समक्ष लेखि पठाउने । | |
| ५ | आर्थिक वर्ष २०७८/०७९ को कर्णाली प्रदेश अन्तर्गत पशु अस्पताल तथा पशु सेवा कार्यालयको भैंसी ब्लक कार्यक्रम सञ्चालन गर्ने सम्बन्धी प्रस्ताव | आर्थिक वर्ष २०७८/०७९ को कर्णाली प्रदेश अन्तर्गत पशु अस्पताल तथा पशु सेवा कार्यालय, रुकुम (पश्चिम) को भैंसी ब्लक कार्यक्रम सञ्चालनका लागि वडाहरु छनौट गर्ने सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने । | |
| ६ | आर्थिक वर्ष २०७८/०७९ को कर्णाली प्रदेश अन्तर्गत पशु अस्पताल तथा पशु सेवा कार्यालयको एक पालिका एक उत्पादन कार्यक्रम सञ्चालन गर्ने सम्बन्धी प्रस्ताव | आर्थिक वर्ष २०७८/०७९ को कर्णाली प्रदेश अन्तर्गत पशु अस्पताल तथा पशु सेवा कार्यालय रुकुम (पश्चिम) को एक पालिका एक उत्पादन कार्यक्रम सञ्चालनका लागि वडाहरु छनौट गर्ने सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने । | |

गोकुल ढुंगेल
प्रमुख प्रशासकीय अधिकृत

विशाल शर्मा
प्रमुख

| | | |
|---|---|---|
| ७ | विविध समसामयिक विषयमा छलफल गरी निर्णय गर्ने सम्बन्धी प्रस्ताव | १. यस नगरपालिकाका विभिन्न नदी तथा खोलाहरुबाट बालुवा, गिट्टी, ढुङ्गा र दहत्तरबहत्तर संकलन र बिक्रि वितरण सम्बन्धमा स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन बमोजिम नगरपालिकाले मिति २०७८/०६/१० गते प्रथम पटक सूचना प्रकाशन गरेकोमा कुनैपनि बोलपत्र दर्ता नभएकोले नगरपालिका आफैंले आफ्नै नगर प्रहरी खटाई सो कार्य गर्ने सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने ।<br>२. आर्थिक वर्ष २०७८/०७९ को लागि चौरजहारी नगरपालिकामा सञ्चालन हुने ९ वटा आयोजनाहरु उपभोक्ता समिति मार्फत कार्यान्वयन गराउने ।<br>३. चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ मा सञ्चालन भएका २ वटा आयोजनाहरुको कार्य सम्पन्न नभई म्याद सकिएकोले उक्त आयोजनाहरुको म्याद थप गर्ने ।<br>४. मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्वीकृत भएको भटगार्या पिपलबोट खेलकुद फिल्ड निर्माण कार्यक्रम सम्बन्धि योजनाको शिर्षकलाई आधारभूत विद्यालय सिमचौरको फिल्ड निर्माण कार्यक्रममा समावेश गर्न सिफारिस गर्ने ।<br>५. चौरजहारी नगरपालिकामा नियुक्त विभिन्न तहका नगर करार शिक्षकहरुको तलब सुविधा थप गर्ने ।<br>६. यस चौरजहारी नगरपालिका अन्तर्गतका विद्यालयमा कार्यरत मोटर साईकल अनुमति प्राप्त प्रधानाध्यापकहरुलाई मासिक रुपमा १० ली. पेट्रोल उपलब्ध गराउने । |

गोकर्ल ढुंगेल

| क.सं. | प्रस्ताव | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| | | ७. Blood Cancer (Leukopenia) रोगले ग्रसित यस चौरजहारी नगरपालिका वडा नं. ५ निवासी गणेश शर्मालाई आर्थिक सहायता गर्ने ।<br>८. चौरजहारी नगरपालिका वडा नं. १, रुकुम (पश्चिम) स्थित चौरजहारी अस्पताल भौतिक पूर्वाधार निर्माणको लागि कर्णाली प्रदेश सरकारबाट प्राप्त अनुदान रकमको निर्माण कार्य चौरजहारी अस्पताललाई जिम्मेवारी दिने ।<br>९. चौरजहारी नगरपालिकाको न्यायिक समितिको कार्यालयमा कामकाज गर्ने गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा न्यायिक सहजकर्ता माग गर्ने ।<br>१०. शववाहन सेवा सञ्चालन निर्देशिका, २०७८ को दफा ३ को (घ) मा उल्लेख भए बमोजिमका शववाहन सेवा व्यवस्थापन तथा अनुगमन समितिको सदस्यमा वडा अध्यक्षबाट २ जना तथा कार्यपालिका सदस्याबाट १ जनाको नाम मनोनयन गर्ने । | |

गोकुल ढुंगेल
प्रमुख प्रशासकीय अधिकृत

विशाल शर्मा
प्रमुख

**मिति २०७८/०७/३० गतेको ७३ औं नगर कार्यपालिकाको बैठकले गरेका निर्णयहरु**

१. शववाहन सेवा सञ्चालन निर्देशिका, २०७८ सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

२. जनयुद्ध र जनआन्दोलनका घाइते, अपाङ्ग तथा शहिद परिवारलाई निर्वाह भत्ता उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

३. सुरक्षित आवासगृह (सेफ हाउस) सञ्चालन कार्यविधि, २०७८ सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

४. महालेखा परीक्षकको कार्यालय डोर मुकाम, रुकुम (पश्चिम) ले दिएको आर्थिक वर्ष २०७७/०७८ को आर्थिक कारोबारको अन्तिम लेखापरिक्षणको प्रारम्भिक प्रतिवेदनमाथि छलफल गरियो । उक्त प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियासहितको जवाफ तथा बेरुजु संपरीक्षेणको लागि तोकिएको अवधिभित्र महालेखा परीक्षकको कार्यालय समक्ष लेखि पठाउने सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

५. आर्थिक वर्ष २०७८/०७९ को कर्णाली प्रदेश अन्तर्गत पशु अस्पताल तथा पशु सेवा कार्यालय, रुकुम (पश्चिम) को भैंसी ब्लक कार्यक्रम सञ्चालन गर्न यस नगरपालिका अन्तर्गत वडा नं. ११ देखि १४ लाई छनौट गर्ने सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

६. आर्थिक वर्ष २०७८/०७९ को कर्णाली प्रदेश अन्तर्गत पशु अस्पताल तथा पशु सेवा कार्यालय रुकुम (पश्चिम) को एक पालिका एक उत्पादन कार्यक्रम सञ्चालन गर्न यस नगरपालिका अन्तर्गत वडा नं. ११ देखि १४ लाई छनौट गर्ने सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

७. यस नगरपालिकाका विभिन्न नदी तथा खोलाहरुबाट बालुवा, गिट्टी, ढुङ्गा र दहत्तरबहत्तर संकलन र बिक्रि वितरण सम्बन्धमा स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन बमोजिम नगरपालिकाले मिति २०७८/०६/१० गते प्रथम पटक सूचना प्रकाशन गरेकोमा कुनैपनि बोलपत्र दर्ता नभको र गत आ.ब.मा ३ पटक सूचना प्रकाशित गर्दा कुनै बोलपत्र

गोकुल ढुंगेल
प्रमुख प्रशासकीय अधिकृत

विशाल शर्मा
प्रमुख

दर्ता हुन नआएको र चालु आ.व.मा पनि बोलपत्र दाता नआउने सम्भावना देखिएकोले नगरपालिकाले हाल नगर प्रहरी खटाई आर्थिक ऐन, २०७८ बमोजिम बालुवा, गिट्टी, ढुङ्गा निकासीबाट राजस्व संकलन गरी रहेकोमा सोही व्यवस्था अनुसार राजस्व संकलन गर्ने सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

८. मिति २०७८/०४/१५ गतेको ७० औं नगर कार्यपालिकाको निर्णय नं. २ मा पारित भएको आर्थिक वर्ष २०७८/०७९ को बजेट तथा कार्यक्रम कार्यान्वयन कार्ययोजना, २०७८ बाट चौरजहारी नगरपालिकामा सञ्चालन हुने आयोजनाहरु ठेक्का बन्दोबस्तबाट सञ्चालन गर्ने तथा मिति २०७८/०६/१५ गतेको ७२ औं नगर कार्यपालिकाको निर्णय नं. १२ मा १० लाख भन्दा कम लागत अनुमानका आयोजनाहरु उपभोक्ता समिति मार्फत कार्यान्वयन गराउने निर्णय भएता पनि नगरपालिकाको आवश्यकतालाई मध्येनजर गर्दै आर्थिक वर्ष २०७८/०७९ मा सञ्चालन हुने देहाय बमोजिमका आयोजनाहरु उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने/गराउने सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

**तपसिल**

| क्र.स. | आयोजनाको नाम | सञ्चालन हुने स्थान | लागत अनुमान |
|---|---|---|---|
| १ | चमेरेगुफा मालिका पदमार्ग तथा पर्यटकीय पूर्वाधार निर्माण | चौरजहारी नगरपालिका वडा नं. ६, रुकुम (पश्चिम) | ७०,००,०००/- |
| २ | शिलत मा.वि. फिल्ड तथा कम्पाउन्ड निर्माण | चौरजहारी नगरपालिका वडा नं. २, रुकुम (पश्चिम) | ५५,००,०००/- |
| ३ | हात्तिसार लामाबगर सिँचाई आयोजना | चौरजहारी नगरपालिका वडा नं. ३, रुकुम (पश्चिम) | ४५,००,०००/- |
| ४ | शहिद स्मृति भवन निर्माण | चौरजहारी नगरपालिका वडा नं. ३, रुकुम (पश्चिम) | ७०,००,०००/- |

गोकुल ढुंगेल
प्रमुख प्रशासकीय अधिकृत

विशाल शर्मा
प्रमुख

| क्र.स. | आयोजनाको नाम | सञ्चालन हुने स्थान | लागत अनुमान |
|---|---|---|---|
| ५ | शितल क्याम्पस भवन निर्माण | चौरजहारी नगरपालिका वडा नं. २, रुकुम (पश्चिम) | ५०,००,०००/- |
| ६ | तल्लोपोखरा टकालठाना सडक निर्माण | चौरजहारी नगरपालिका वडा नं. ६, रुकुम (पश्चिम) | २०,००,०००/- |
| ७ | एक घर एक खानेपानी आयोजना | चौरजहारी नगरपालिका वडा नं. १०, रुकुम (पश्चिम) | ३०,००,०००/- |
| ८ | पातिहाल्न घुघुति भुरुङखोला सडक निर्माण | चौरजहारी नगरपालिका वडा नं. १३ र १४ रुकुम (पश्चिम) | ३०,००,०००/- |
| ९ | स्वांर दोभानखोला पोखरी सडक निर्माण | चौरजहारी नगरपालिका वडा नं. १२, रुकुम (पश्चिम) | ४०,००,०००/- |

९. यस चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ मा सञ्चालन भएका तपसिलमा उल्लेखित आयोजनाहरु कोरोना भाइरस (कोभिड १९) को बन्दाबन्दी (लकडाउन) का कारण कार्य सम्पन्न हुन नसकी म्याद सकिएकोले उक्त आयोजनाहरुको म्याद थप गर्ने सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

**तपसिल**

| क्र.स. | ठेक्का नं. | आयोजनाको नाम | म्याद थप हुने समय |
|---|---|---|---|
| 1 | CJM/WORKS/NCB/23/077/078 | Construction of truss structure building for poultry feed industry, chaurjahari 11, rukum (West) | २०७८ पुस मसान्तसम्म |
| 2 | CJM/WORKS/NCB/18/077/078 | Construction of Blood Bank Building, Chaurjahari 01, Rukum (west) | २०७८ मंसिर मसान्तसम्म |

गोकुल ढुंगेल
प्रमुख प्रशासकीय अधिकृत

विशाल शर्मा
प्रमुख

१०. मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्वीकृत भएको भटगार्या पिपलबोट खेलकुद फिल्ड निर्माण कार्यक्रम सम्बन्धि योजनाको शिर्षकलाई आधारभूत विद्यालय सिमचौरको फिल्ड निर्माण कार्यक्रममा समावेश गर्न स्वीकृतिका लागि कर्णाली प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा सिफारिस गर्न तथा सोही आयोजनालाई कार्यान्वय गर्ने सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

११. चौरजहारी नगरपालिकाको करारमा शिक्षक भर्ना सम्बन्धी मापदण्ड, २०७६ को परिच्छेद ५ को दफा १२ मा उल्लेख भए अनुसार विभिन्न तहका नगर करार शिक्षकहरुको तलबमान तोकेकोमा उक्त तलबमानमा थप २०००/०० दिने सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो । साथै हाल नियुक्त भएका कम्प्युटर शिक्षकहरुलाई मासिक रु. २२,०००/- तलब स्केल तोक्ने निर्णय गरियो ।

१२. यस चौरजहारी नगरपालिका अन्तर्गतका विद्यालयमा कार्यरत प्रधानाध्यापकहरुको कामको चापलाई मध्यनजर गर्दै मोटर साईकल अनुमति प्राप्त प्रधानाध्यापकहरु लाई मासिक रुपमा १० लिटर पेट्रोल उपलब्ध गराउने सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

१३. आर्थिक सहायता सम्बन्धि कार्यविधि, २०७६ को परिच्छेद २ को दफा (३) को उपदफा (२) को पहीलो संशोधनले दिर्घ रोगि (मृगौला, मुटु, फोक्सो, कलेजो, मस्तिष्क) तथा क्यान्सर पीडित व्यक्तिहरुलाई आर्थिक सहायता बापत रु ५०००/- देखि रु. १०००००/- सम्म प्रदान गर्न सकिने प्रावधान बमोजिम चौरजहारी नगरपालिका वडा नं. ५ निवासी गणेश शर्मा Blood Cancer (Leukopenia) रोगले ग्रसित भई सिभिल अस्पताल काठमाण्डौमा निजको उपचार भई रहेकोले निजलाई मिति २०७८/०६/२१ गतेको नगरपालिकाको निर्णय बमोजिम आर्थिक सहयोग बापत रु. १०००००/- (अक्षरुपी एक लाख मात्र) रकम प्रदान गरिएको छ । सो अनुसार आर्थिक सहायता उपलब्ध गराउने नगरपालिकाको निर्णय अनुमोदन गर्ने सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

गोकुल ढुंगेल
प्रमुख प्रशासकीय अधिकृत

विशाल शर्मा
प्रमुख

१४. चौरजहारी नगरपालिका वडा नं. १, रुकुम (पश्चिम) स्थित चौरजहारी अस्पतालको भौतिक पूर्वाधार निर्माणको लागि कर्णाली प्रदेश सरकारबाट प्राप्त अनुदान रकम रु. ८०,००,०००/- चौरजहारी अस्पताललाई निर्माण कार्य गर्न जिम्मेवारी दिने सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

१५. चौरजहारी नगरपालिका न्यायिक समितिको कार्यालयमा दक्ष जनशक्ति नहुँदा उक्त कार्यालयको कामकाज गर्न कठिन भएको छ । सोही कारण न्यायिक समितिको कार्यालयको कामकाज सहज बनाउन कर्णाली प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा न्यायिक सहजकर्ताको व्यवस्था गरिदिनु हुन अनुरोध गर्ने सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

१६. शववाहन सेवा सञ्चालन निर्देशिका, २०७८ को दफा ३ को (घ) मा उल्लेख भए बमोजिमका शववाहन सेवा व्यवस्थापन तथा अनुगमन समितिको सदस्यमा तपसिल बमोजिमका वडा अध्यक्ष तथा कार्यपालिका सदस्यको नाम मनोनयन गर्ने सम्बन्धी प्रस्ताव सर्वसहमतिबाट पारित गरियो ।

**तपसिल**

१. वडा अध्यक्ष - श्री लाल बहादुर बुढा - ३ नं. वडा कार्यालय, चौरजहारी नगरपालिका
२. वडा अध्यक्ष - श्री मनमोहन शाह - ११ नं. वडा कार्यालय, चौरजहारी नगरपालिका
३. कार्यपालिका सदस्य - श्री देवी खडका - ८ नं. वडा कार्यालय, चौरजहारी नगरपालिका

गोकुल ढुंगेल
प्रमुख प्रशासकीय अधिकृत

विशाल शर्मा
प्रमुख